# महान्यायाधिवक्ताको कार्यालय

(..........कर्मचारी प्रशासन...... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-०८०/०८१

२०८०/०५/०४

चलानी नं. :- १८२

मिति :-..............................

विषयः **प्रदेश सरकार तथा स्थानीय तहको लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धमा।**

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

यस कार्यालयको व्यवस्थापन समितिको मिति २०७५/०५/२७ को निर्णयानुसार सरकारी वकील कार्यालयले गर्नुपर्ने लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धी काम कारबाहीका सम्बन्धमा प.सं. ०७५/०७६ चं.नं. ४७२ मिति २०७५/०५/२९ र पं.सं. ०७५/०७६ च.नं. ७७१ मिति २०७५।०५।२९ बाट निम्नानुसार परिपत्र जारी गरिएको ब्यहोरा अवगत नै हुनुपर्दछः-

१. नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निज मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा उल्लिखित ब्यवस्था अनुसार सरकारी वकीलहरुले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दा, संघीय कानून बमोजिम स्थापित कार्यालयहरु तथा त्यस्ता कार्यालयहरुमा कार्यरत रहँदाका बखत आफ्नो कार्य सम्पादनको सिलसिलामा संघीय निजामती कर्मचारीले गरेको कुनै कामको सम्बन्धमा त्यस्ता कर्मचारी उपर परेको मुद्दामा त्यस्ता कार्यालय तथा कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने, प्रतिनिधित्व गर्ने वा बहस पैरवी गर्ने गराउने।(प.सं. ०७५/०७६ च.नं. ४७२ मिति २०७५/०५/२९ को परिपत्र)
२. स्थानीय तहको तर्फबाट मुद्दामा प्रतिरक्षा गर्न, लिखित जवाफ तयार गर्ने, कानूनी परामर्श दिने, कुनै कानूनी लिखत तयार गर्ने तथा त्यस्तो लिखत दायर गर्ने कार्य नगर्ने, नगराउने।

उपरोक्तानुसारको परिपत्र जारी भएको भएपनि अद्यापि स्थानीय तह तथा प्रदेश सरकारका कार्यालयमा कार्यरत संघीय निजामती कर्मचारीका तर्फबाट सरकारी वकील कार्यालयले लिखित जवाफ पेश गर्ने नगर्ने र सरकारी वकीलहरुले प्रतिरक्षा गर्ने नगर्ने भन्ने बारेमा दुविधा रहेको देखिएकोले उक्त

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..............कर्मचारी प्रशासन..........शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :- १८२

मिति :- ...२०८०।५।४...

परिपत्र अनुसार त्यस्ता संघीय निजामती कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने तथा प्रतिरक्षा गर्ने कार्य नगर्न, नगराउन पुनः स्पष्ट पारिएको ब्यहोरा निर्देशानुसार जानकारी गराईन्छ।

बोधार्थः

**श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौंः** मिति २०७५/०५/२९ मा यस कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयहरुलाई जारी गरीएको प.सं. ०७५/०७६ च.नं. ४७१ र ४७२ का परिपत्रहरुको प्रतिलिपि यसैसाथ संलग्न रहेको ब्यहोरा समेत अनुरोध छ।

..............................

(बाबुराम भट्टराई)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(............प्रशासन............ शाखा)

पत्र संख्या :- ०७५।७६

चलानी नं. :- ४६१

रामशाहपथ, काठमाडौं

मिति :- २०७५।०५।२९

<u>विषयः– लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धमा ।</u>

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्बन्धमा सरकारी वकील कार्यालयहरु संघीय कानून बमोजिम स्थापना भएका र नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा उल्लिखित व्यवस्था अनुसार सरकारी वकीलहरुले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दा, संघीय कानून बमोजिम स्थापित नेपाल सरकारका कार्यालयहरुको तर्फबाट बहस, पैरवी तथा प्रतिरक्षाको कार्य सम्पादन गरी आईरहेको सन्दर्भमा स्थानिय तहको तर्फबाट मुद्दामा प्रतिरक्षा गर्न, लिखित जवाफ तयार गर्न, कानूनी परामर्श दिन, कुनै कानूनी लिखत तयार गर्न तथा त्यस्तो लिखत दायर गर्ने कार्य नगर्न नगराउन सरकारी वकील सम्बन्धी नियमावली २०५५ को नियम ३८क. बमोजिमको व्यवस्थापन समितिको मिति २०७५/०५/२७ को निर्णयानुसार अनुरोध छ ।

२०७५।०५।२९

(हरिहर तिमिल्सिना)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\अन्य पत्रहरु.docx

# महान्यायाधिवक्ताको कार्यालय

(..............प्रशासन.............. शाखा)

नेपाल

पत्र सख्या :- ०७५।७६

रामशाहपथ, काठमाडौं

चलानी नं. :- ४६२

मिति :-.....२०७५।०५।२९

**विषयः– लिखित जवाफ तथा प्रतिरक्षा सम्बन्धमा ।**

**श्री उच्च सरकारी वकील कार्यालय, सबै।**
**श्री विशेष सरकारी वकील कार्यालय, काठमाण्डौं।**
**श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी नेपालको संविधानको धारा १५८ को उपधारा (२) मा उल्लिखित व्यवस्था अनुसार सरकारी वकीलहरुले नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दा, संघीय कानून बमोजिम स्थापित कार्यालयहरु तथा त्यस्ता कार्यालयहरुमा कार्यरत रहँदाका बखत आफ्नो कार्य सम्पादनको सिलसिलामा संघीय निजामति कर्मचारीले गरेको कुनै पनि कामको सम्बन्धमा त्यस्ता कर्मचारी उपर परेको मुद्दामा त्यस्ता कार्यालय तथा कर्मचारीको तर्फबाट लिखित जवाफ पेश गर्ने, प्रतिनिधित्व गर्ने वा बहस पैरवी गर्ने गराउने व्यवस्था हुन सरकारी वकील सम्बन्धी नियमावली २०५५ को नियम ३८क. बमोजिमको व्यवस्थापन समितिको मिति २०७५/०५/२७ को निर्णयानुसार अनुरोध छ ।

२०७५।०५।२९

(हरिहर तिमिल्सिना)
शाखा अधिकृत

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

D:\प्रशासन शाखा आ.व. २०७५।७६\विविध पत्रहरु\अन्य पत्रहरु.docx